भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

| | | | |
|---|---|---|---|
| खण्ड ७ | संख्या ३ | मितिः २०८०/११/१६ | **भाग-१** |

## करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०

प्रस्तावना :

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दोलखा र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन, सेवा प्रति समर्पणभाव अभिबृद्धि गर्न करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा कानून बनाउन वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६, अनुसुची ८ (५) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भीमेश्वर नगरपालिकाको चौथो नगरसभाले यो ऐन पारित गरेको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यो विधेयकको नाम करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०" रहेको छ ।

२) यो ऐन नगरसभाबाट पारित भई भीमेश्वर नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुने छ ।

३) यो विधेयक भीमेश्वर नगरपालिका भरी लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा

१) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेबाट सुरु भै असाढ मसान्तमा समाप्त हुने अवधि सम्झनु पर्दछ ।

२) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

३) **“कर्मचारी”** भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा नियुक्त भई करार सेवामा कार्यरत वा अन्य निकाय (जिल्ला समन्वय समितिको कार्यालय, दोलखा, साविक लाकुरीडाँडा गा.वि.स.लगायत)बाट हस्तान्तरण भई भीमेश्वर नगरपालिकामा अविच्छिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

४) **“कोष”** भन्नाले भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका करार कर्मचारी कल्याणको लागि स्थापना गरेको कोष सम्झनु पर्दछ ।

५) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भीमेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

६) **“नगरपालिका”** भन्नाले भीमेश्वर नगरपालिका, चरिकोट, दोलखालाई सम्झनु पर्दछ ।

७) **“नगर सभा”** भन्नाले भीमेश्वर नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

८) **“सञ्चालक समिति”** भन्नाले कोष सञ्चालनको लागि गठन भएको सञ्चालक समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## उपदान सम्वन्धी व्यवस्था

३ उपदान सम्वन्धी व्यवस्था :

१) यस ऐन बमोजिमका कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा निजामती वा अन्य सेवाको निम्ति अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिएमा देहाय बमोजिमको उपदान रकम उपलब्ध गराइने छ ।

क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले खाईपाई आएको मासिक तलवको प्रतिवर्ष दश दिनका दरले हुन आउने रकम ।

ख) एघार वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले खाईपाई आएको मासिक तलवको प्रतिवर्ष बीस दिनको दरले हुन आउने रकम,

ग) सोह वर्षदेखि बीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको मासिक तलवको प्रतिवर्ष पच्चिस दिनको दरले हुन आउने रकम,

घ) एक्काईस वर्ष देखि माथी जति सुकै अवधिसम्म सेवा गरेका कर्मचारीले आफुले खाईपाई आएको प्रतिवर्ष एक महिनाको तलव बराबरको रकम,

२) उपदानको निमित्त न्यूनतम् सेवा अवधि पुरा गरी उपदान हिसाव गर्दा छ महिना भन्दा बढी दिनको लागि पनि एक वर्ष पुरा गरेको सरह नै मानी उपदान दिइने छ ।

३) उप दफा (१) को भीमेश्वर नगरपालिका र अन्तर्गतका कार्यालयमा नियुक्त वा अन्य निकाय (जिल्ला समन्वय समितिको कार्यालय, दोलखा, साविक लाकुरीडाँडा गा.वि.स.लगायत) बाट हस्तान्तरण भई

अविच्छिन्न रुपमा कार्यरत कर्मचारीको हकमा शुरु नियुक्ति वा करार सम्झौता भए देखि कर्मचारीले अवकाश पाए वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएसम्मको सेवा अवधि गणना गरी ऐनले तोकेको उपदान उपलब्ध गराइने छ ।

## परिच्छेद-३

## कोषको स्थापना र सञ्चालन सम्वन्धी व्यवस्था

४. कोषको स्थापना

१) भीमेश्वर नगरपालिका, नगर कार्यापालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई अवकाश पाए वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा उपदान रकम उपलब्ध गराउनको लागि कोष स्थापना गरिनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाए बमोजिमका रकमहरु रहने छन् ।

क) भीमेश्वर नगरपालिकाबाट बार्षिक रुपमा कोषलाई अनुदान स्वरुप प्राप्त एकमुष्ठ रकम,

ख) कोषको सञ्चित पूँजी परिचालन गरी त्यसबाट प्राप्त हुने रकम,

ग) संघसंस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने रकम वा अनुदान रकम

घ) उपदफा २ मा जुनसुकै कुरा लेखिए तापनि संघीय, प्रदेश सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने रकम, तर सहयोग रकम प्राप्त गर्नु अघि नगर कार्यपालिकाको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

ङ) जिल्ला समन्वय समितिको कार्यालय, दोलखाबाट हस्तान्तरण भई अविच्छिन्न रुपमा कार्यरत कर्मचारीको हकमा जिल्ला समन्वय समितिको कार्यालय, दोलखाबाट प्राप्त हुने सेवा सुविधा वापतको रकम

३) उपनियम (२) बमोजिमको कोषमा जम्मा भएको रकम नेपाल बैंक लि. चरिकोट शाखामा “भीमेश्वर नगरपालिका करार कर्मचारी कोष” नामक खाता खोली आर्थिक कारोवार सञ्चालन गरिने छ ।

५ खाता संचालन :

कोषको आर्थिक कारोवारका लागि नेपाल बैंक लि. चरिकोट शाखामा खाता खोली सोको सञ्चालन सञ्चालक समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

६. कोषको प्रयोग : देहाय बमोजिमका कामको लागि भीमेश्वर नगरपालिकाका कर्मचारी कोषको रकम प्रयोग गर्न सकिने छ ।

१) भीमेश्वर नगरपालिका र अन्तर्गतका कार्यालयमा नियुक्त वा अन्य निकाय (जिल्ला समन्वय समितिको कार्यालय, दोलखा, साविक

लाकुरीडाँडा गा.वि.स.लगायत) बाट हस्तान्तरण भई अविच्छिन्न रुपमा कार्यरत कर्मचारीको हकमा शुरु नियुक्ति वा करार सम्झौता भए देखि कर्मचारीले अवकाश पाए वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएसम्मको सेवा अवधि गणना गरी विधेयकले तोकेको सेवा सुविधा उपलब्ध गराइने छ ।

२) जिल्ला समन्वय समितिको कार्यालय, दोलखाबाट हस्तान्तरण भई अविच्छिन्न रुपमा कार्यरत कर्मचारीको हकमा जिल्ला समन्वय समितिको कार्यालय, दोलखाबाट रकम प्राप्त भएको अवस्थामा सो रकमबाट बढीमा १२ महिनाको तलव बराबरको रकम औषधी उपचार वापत उपलब्ध गराउने ।

## परिच्छेद-४

## कोष सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

७. कोष सञ्चालक समिति

१) भीमेश्वर नगरपालिका करार कर्मचारी कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक सञ्चालक समिति रहने छ ।

२) उपनियम (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

क) भीमेश्वर नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) भीमेश्वर नगरपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य

ग) भीमेश्वर नगरपालिका आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य सचिव

८. सञ्चालक समितिको बैंठक :

१) सञ्चालक समितिको बैठक वर्षमा कम्तिमा चार पटक वस्ने छ ।

२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको समयमा भीमेश्वर नगरपालिका कार्यालयमा बस्नेछ ।

३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गरिने छ । यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा वहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ । कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकी बराबरी भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

९ . बैठकको गणपुरक संख्या : भीमेश्वर नगरपालिका करार कर्मचारी कोषको सञ्चालक समितिको जम्मा सदस्य संख्याको छैसठ्ठी प्रतिशत सदस्यको उपस्थिति नभई बैठकको गणपुरक संख्या पुगेको मानिने छैन ।

१०. समितिको काम, कर्तव्य र अधिकार : कोषको सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) सञ्चालक समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने,

२) भीमेश्वर नगरपालिकाको नगर कार्यपालिका, नगर सभासंग कोषको लागि आर्थिक श्रोत जुटाउन प्रयास गर्ने,

३) कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

४) कोषको सञ्चित पूँजिलाई बृद्धि गर्नको लागि कार्यविधि बनाई परिचालन गर्ने,

५) आर्थिक कारोवारको लेखापरीक्षण गराउने,

११. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बैठकको अध्यक्षता गर्ने,

ख) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

ग) कोषको हरेक क्रियाकलापको जवाफदेहीता वहन गर्ने,

घ) बैठकमा मत बराबर भएमा निर्णयक मत दिने,

ङ) बैठकको निर्णय कार्यान्वयन गराउने ,

२) सदस्य - सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कोष सञ्चालन गर्ने,

ख) कोषको बैठकमा पेश गरिने छलफलका विषयहरु अध्यक्षसँग परामर्श गरी तयार गर्ने,

ग) बैठकको निर्णय अभिलेखन गरी राख्ने,

घ) बैठकको निर्णय कार्यान्वयन गर्ने,

ङ) अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,

च) कोषको चल अचल सम्पतीको जिम्मा लिने र व्यवस्थापन गर्ने,

३) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क) समितिको बैठकमा भाग लिने,

ख) समितिको बैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने,

ग) अध्यक्षको आदेश अनुसार तोकिएको अन्य कार्यहरु गर्ने गराउने,

१२. समितिका सदस्य तथा कर्मचारीहरुको उत्तरदायित्व :

१) कोषको सञ्चालक समितिका सदस्यले यस विधेयकको उद्धेश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन,

२) उपनियम (१) को प्रतिकुल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्यलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ,

३) कुनै कर्मचारीको खराब आचरण वा अन्य कुनै कारणले समितिले रोक्का गरी राखेको सुविधा वापतको रकम निजले आफ्नो आचरण सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाई पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाई एकमुष्ठ रुपमा सुविधा रकम समितिले उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद- ५

## लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था

१३. समितिको लेखा र लेखापरीक्षणः

१) समितिले कोषको लेखा प्रचलित लेखा प्रणाली स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले तोकेको प्रक्रिया तथा ढाँचामा राखिने छ ।

२) उप नियम (१) बमोजिम राखिएको लेखाको आन्तरिक लेखा परीक्षण भीमेश्वर नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने छ ।

१४. सुविधाबाट बन्चित गरिने अवस्थाः देहायको अवस्थामा भीमेश्वर नगरपालिकाका करार कर्मचारीलाई पुरै वा आँशिक रुपमा सुविधाबाट बन्चित गर्न सकिने छ :

१) भीमेश्वर नगरपालिकालाई आँच पुऱ्याँउने कार्य गरेको प्रमाणित भएमा,

२) प्रचलित कानून विपरित कार्य गरेको प्रमाणित भएमा,

३) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

## परिच्छेद - ६

## विविध

१५. दुर्घटना बीमा सम्वन्धी व्यवस्थाः

१) भीमेश्वर नगरपालिकाले आफ्ना करार सेवामा कार्यरत कर्मचारीको लागि नगर कार्यपालिकाबाट हरेक वर्ष रु. ५,००,०००/- (पाँच लाख) बराबरको दुर्घटना बीमा गरिने छ ।

२) यो विधेयक प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको बीमामा सहभागि कर्मचारीहरुको बीमालाई यथावत राखी नयाँ नियुक्ति हुने कर्मचारी र हाल कार्यरत कर्मचारीहरुको उपनियम (१) मा उल्लेख भए बमोजिमको बीमा गरिनेछ ।

३) कोषको सदस्य भए सँगै बीमा योजनामा सहभागि हुन पाउने छ । तर प्रत्येक आर्थिक वर्षमा अन्य विमित कर्मचारीहरुको नविकरणको समयमा मात्र विमित सदस्य थप गरी विमा गरिनेछ ।

१६. निर्देशन दिन सक्नेः कोष सञ्चालन सम्वन्धी विषयमा नगर कार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. अनुगमन तथा रेखदेखः आर्थिक प्रशासन शाखाले कोष सञ्चालन सम्वन्धी कार्यको अनुगमन तथा रेखदेख गर्नेछ ।

१८. अधिकार प्रत्यायोजनः यस विधेयक बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै उप समिति, कार्यदल वा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१९. खारेजी र बचाउः

१) यस विधेयकमा स्पष्ट उल्लेख भए गरेका कुरा यसै विधेयक बमोजिम र यसले नसमेटेका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

२०८०/११/१६